यो आयोजना तथ्याङ्क विवरण अनुवाद २०७२ वैशाख ८ (२३ जुन २०१५) को अंग्रेजी मूल संस्करणमा आधारित छ ।

ADB

# आयोजना तथ्याङ्क विवरण

आयोजना तथ्याङ्क विवरणमा कुनै पनि आयोजना तथा कार्यक्रमको सारांश जानकारी दिइएको हुन्छ किनभने आयोजना तथ्याङ्क विवरण भनेको निरन्तर चलिरहेको प्रक्रिया हो । कतिपय जानकारी सुरूकै विवरणमा उपलब्ध नहुन सक्छन् तर त्यस्ता जानकारीहरूलाई समेत क्रमवद्ध रूपमा समावेश गर्दै लगिने छ । प्रस्तावित आयोजनाका बारेमा समावेश गरिएका जानकारीहरू अनुमानित तथा साङ्केतिक हुन् ।

| | |
|---|---|
| **तथ्याङ्क विवरण जारी मिति** | – |
| **विवरण अद्यावधिक मिति** | २०७१ चैत १६ (३० मार्च २०१५) |

| | |
|---|---|
| **आयोजनाको नाम** | सुदूरपश्चिम क्षेत्र सहरी विकास आयोजना<br>(Far Western Region Urban Development Project) |
| **देश** | नेपाल |
| **आयोजना/कार्यक्रम नम्बर** | ४७२५२-००१ (47252-001) |
| **अवस्था** | स्वीकृत |
| **भौगोलिक अवस्थिति** | – |

कुनै विशेष भूभाग वा भौगोलिक क्षेत्रको अवस्थिति वा सन्दर्भ उल्लेख गर्दा अथवा यो दस्तावेजमा 'देश' वा 'राष्ट्र' भन्ने शब्द प्रयोग गरिँदा एडीबीले यस्तो कुनै पनि भूभाग वा क्षेत्रको कानुनी एवं अन्य कुनै हैसियतका बारेमा निर्णायक अवधारणा व्यक्त गर्ने अभिप्राय राखेको हुँदैन ।

| | |
|---|---|
| **क्षेत्र** | खानेपानी आपूर्ति र अन्य सहरी पूर्वाधार तथा सेवा |
| **उपक्षेत्र** | अन्य सहरी सेवा<br>सहरी सरसफाई<br>सहरी फोहोरमैला व्यवस्थापन<br>सहरी खानेपानी आपूर्ति |
| **रणनीतिक कार्यसूची** | वातावरणीय दिगो वृद्धि<br>समावेशी आर्थिक वृद्धि |
| **परिवर्तनका सञ्चालक** | लैङ्गिक समता र मूलप्रवाहीकरण  सुशासन र क्षमता विकास |
| **लैङ्गिक मूलप्रवाहीकरण समूह** | समूह २ : प्रभावकारी लैङ्गिक मूलप्रवाहीकरण |

## वित्तीय विवरण

| सहयोगको प्रकार/स्वरूप | स्वीकृत सङ्ख्या | वित्तीय स्रोत | स्वीकृत रकम (अमेरिकी डलर हजारमा) |
|---|---|---|---|
| प्राविधिक सहायता | ८८१७ | प्राविधिक सहायता विशेष कोष | ५०० |

## वातावरणीय र सामाजिक विषयवस्तुको सारांश

**वातावरणीय पक्षहरू**

–

**अस्वेच्छिक पुनर्वास**

–

**आदिवासी जनसङ्ख्या**

–

## सरोकारवालासँगको सञ्चार, सहभागिता र परामर्श

**आयोजना निर्माणको अवधिमा**

प्रस्तावित आयोजना अत्तरिया, भीमदत्त र धनगढीमा बसोबास गर्ने करिब दुई लाख ८० हजार मानिसलाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने गरी जनसङ्ख्याको सबै हिस्साका लागि सेवा सुधार गर्ने गरी तयार गरिनेछ। यस आयोजनाले कञ्चनपुर र कैलाली जिल्लाका झन्डै छ लाख जनतालाई अप्रत्यक्ष रुपमा फाइदा पुऱ्याउने छ। यस क्षेत्रको, खासगरी सहरी तहको गरिबीको विस्तृत तथ्याङ्कको अभाव छ। सहरी गरिबीको तथ्याङ्कको अभाव पूर्ति गर्न र झोपडी/सहरी कमजोर बसोबास लगायत अन्य सामाजिक आर्थिक सूचना प्रस्तावित आयोजनामा सामाजिक-आर्थिक सर्भेलाई समावेश गरिनेछ। यो बिस्तृत अनुसन्धानले वातावरणलाई राम्ररी बुझ्न सहयोग गर्नेछ र न्यून आय भएका र सीमान्तीकरणमा परेका समूहहरुका लागि उपयुक्त उपाय अवलम्बन गरिएको सुनिश्चित गर्नेछ।

**आयोजना कार्यान्वयनको अवधिमा**

प्रस्तावित आयोजनाले आयोजनाको उद्देश्यसँग मिल्ने विद्यमान नागरिक समाज संस्थाहरुसँग सहक्रिया गर्ने र योजना तर्जुमा र कार्यान्वयनमा सहकार्यका लागि अवसरहरुको पहिचान गर्नेछ। आयोजना कार्यान्वयनको चरणमा सघन सामुदायिक परामर्श पनि गरिने छ र एक महत्वपूर्ण गतिविधिको रुपमा उपभोक्ता चेतनालाई समावेश गरिनेछ। लगानीका प्राथमिकता पहिचान गर्नका लागि स्थानीय उद्योग वाणिज्य संघ वा संगठनहरुमार्फत निजी क्षेत्रसँग पनि परामर्श गर्न सकिनेछ।

## वर्णन

आयोजना तयारी प्राविधिक सहायता (१) नेपालको सुदूरपश्चिम क्षेत्रका छनौटमा परेका नगरपालिकाहरुमा सहरी सेवाका लागि आवश्यक पर्ने पहुँचमा सुधार गर्न, र (२) त्यस क्षेत्रको सहरी विकास गर्ने रणनीतिक कार्य र सञ्चालन तथा मर्मतसम्भारको क्षमता विकास गर्न रणनीतिक कार्यहरुको पहिचान गर्न ड्यु डिलिजियन्स हासिल गर्न आवश्यक छ । यो प्राविधिक सहायता दुई चरणको संरचना भएको हुनेछ । पहिलो चरणमा (१) क्षेत्रीय र सहरी रणनीतिक मूल्याङ्कन र भीमदत्त-अत्तरिया-धनगढी कोरिडोर विकास रणनीति तर्जुमा, (२) रणनीतिक पूर्वाधार लगानी योजना तर्जुमा, (३) आयोजनाको क्षेत्र निर्धारण, (४) सुरक्षण अनुपालनका लागि द्रुत मूल्याङ्कन, (५) सामाजिक आर्थिक घरायसी सर्भे र लक्षियत समूह छलफलका आधारमा सामाजिक आर्थिक विश्लेषण, (६) कार्यान्वयन गराउने निकाय, कार्यान्वयन गर्ने निकाय र आयोजना नगरपालिकाहरुको संस्थागत र वित्तीय क्षमताको मूल्याङ्कन, (७) कार्यान्वयनको व्यवस्थापनको डिजाइन तयारी (८) डिजाइन र सुपरीवेक्षण परामर्शदाता (डिएससी) का लागि कार्य क्षेत्र निर्धारण, र (९) डिजाइन र सुपरीवेक्षण परामर्शदाता (डिएससी) नियुक्तिका लागि कार्यान्वयन गराउने निकायलाई सहयोग गर्ने कार्य पर्दछन् । दोस्रो चरणमा (१) डिजाइन र सुपरीवेक्षण परामर्शदाता (डिएससी) को नतिजाको अध्ययन, र (२) ऋण दस्तावेज तर्जुमा गर्न कार्यान्यवयन गराउने निकायलाई सहयोग गर्ने कार्य पर्दछन् ।

## आयोजनाको औचित्य र राष्ट्रिय/क्षेत्रीय रणनीतिसँगको सम्बन्ध

प्रस्तावित आयोजना नेपालको त्रिवर्षीय योजना (आव सन् २०१४-आव २०१६) सँग तालमेल गरिएको छ, जुन योजनाले अन्य लगानी र सुधारका प्राथमिकताहरुका साथ सुधारिएको सहरी सेवा मार्फत दिगो, व्यापक र समावेशी आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । त्रिवर्षीय योजनाले ठूला, मझौला र साना सहरी केन्द्रहरुमा खानेपानी आपूर्ति, ढल व्यवस्थापन र सहरी यातायात जस्ता आधारभूत सेवामा सुधार गर्ने लक्ष्य लिएको छ । प्रस्तावित आयोजना एसियाली विकास बैंकको नेपाल साझेदारी रणनीति (सन् २०१३-२०१७) सँग पनि पूर्ण रुपमा मेल खाने छ, जुन सहरी पूर्वाधारका मुख्य क्षेत्रहरु पूर्वाधार, ऊर्जा र यातायातमा केन्द्रित छ। नेपाल साझेदारी रणनीतिका विषयगत अभियानहरु पनि प्रस्तावित आयोजनाका मुख्य विशेषताका रुपमा रहेका छन्, जसमा वातावरणीय दिगोपना, सुशासन, र लैङ्गिक समता तथा सामाजिक समावेशीकरण पर्दछन् । आयोजनाले विपन्न र जोखिममा पर्ने जनसङ्ख्या लगायत आयोजना सञ्चालन हुने नगरपालिकाहरुका सबै बासिन्दाहरुका लागि सहरी सेवामा सुधार गर्ने प्रस्ताव गर्दछ।

## विकास प्रभाव

–

## आयोजनाको उपलब्धि

| उपलब्धिको विवरण | उपलब्धिका लागि भएको प्रगति विवरण |
|---|---|
| – | – |

## उपलब्धि र कार्यान्वयनको प्रगति विवरण

| आयोजनाको उपलब्धिहरूको विवरण | आयोजना प्रगति विवरणको अवस्था (उपलब्धि, कार्यक्रम र विषयवस्तु) |
|---|---|
| – | – |
| **विकास आयोजनाको अवस्था** | **सञ्चालन/निर्माणको अवस्था** |
| – | – |
| **भौतिक परिवर्तन** | |
| – | |

## व्यावसायिक अवसरहरू

**पहिलो सूचीकृत मिति** २०७१ पुस २ (१७ डिसेम्बर २०१४)

**परामर्श सेवाहरू**

चार जना अन्तर्राष्ट्रिय र तिन जना राष्ट्रिय गरी सात जना परामर्शदाताहरु (महिनामा ३० जनाको सेवा उपलब्ध गराउँदै) एसियाली विकास बैंकको प्राविधिक सहायतामा संलग्न हुनेछन् । उनीहरुको सेवा एसियाली विकास बैंकको परामर्शदाताको प्रयोग सम्बन्धी निर्देशिका (सन् २०१३ र संशोधनहरु समेत) का आधारमा हुनेछ ।

**खरिद**

यस आयोजना अन्तर्गतका सबै खरिदहरु एडिबीको खरिद र परामर्शदाता निर्देशिका (सन् २०१३ र संशोधनहरु समेत) का आधारमा गरिन् छन् । आयोजनाको कार्यान्वयनका लागि अग्रिम सम्झौता र भूतप्रभावी लगानीलाई मान्यता दिइनेछ र प्रशोधनको क्रममा एडिबीबाट विभिन्न खरिद र परामर्शका प्याकेजहरुको सावधानीपूर्वक समीक्षा गरिनेछ । आयोजनाको क्षेत्र, स्वरुप, बजारको अवस्था र अवस्थितिलाई ध्यानमा राखेर तथा अर्थतन्त्र र बोलपत्र प्रक्रियाको कार्यदक्षतालाई ख्याल गर्दै खरिदका प्याकेजहरु तयार गरिनेछ ।

**सार्वजनिक खरिद र परामर्श सूचनाहरू**

http://www.adb.org/projects/47252-001/business-opportunities

## समय तालिका

| | |
|---|---|
| **अवधारणा पारित** | – |
| **तथ्य प्राप्ति** | – |
| **व्यवस्थापन समीक्षा बैठक** | – |
| **स्वीकृत** | २०७१ पुस १ (१६ डिसेम्बर २०१४) |

## महत्वपूर्ण तथ्याङ्कहरू

| स्वीकृत नम्बर | स्वीकृत | हस्ताक्षर | प्रभावकारिता | समाप्ति | | |
|---|---|---|---|---|---|---|
| | | | | मूल | परिष्कृत | वास्तविक |
| प्राविधिक सहायता ८८१७ | २०७१ पुस १ (१६ डिसेम्बर २०१४) | २०७१ माघ १ (१२ जनवरी २०१५) | २०७१ माघ १ (१२ जनवरी २०१५) | २०७३ चैत १८ (३१ मार्च २०१७) | – | – |

## उपयोगिता

| मिति | स्वीकृत नम्बर | एडीबी (अमेरिकी डलर हजारमा) | अन्य (अमेरिकी डलर हजारमा) | खुद प्रतिशत |
|---|---|---|---|---|
| **सञ्चित सम्झौता निर्णय** | | | | |
| – | – | – | – | – |
| **सञ्चित खर्च** | | | | |
| – | – | – | – | – |

## प्राविधिक सहायता रकम (अमेरिकी डलर हजारमा)

| स्वीकृत नम्बर | स्वीकृत रकम | परिष्कृत रकम | कुल सञ्चित | प्रतिबद्धता नजनाइएको मौज्दात | कुल भुक्तानी | भुक्तानी दिन मौज्दात |
|---|---|---|---|---|---|---|
| प्राविधिक सहायता ८८१७ | ५०० | ५०० | ३५० | १५० | २० | ४८० |

## सम्पर्क र विस्तृत जानकारी

| | |
|---|---|
| **जिम्मेवार एडिबी अधिकृत** | भिभिअन क्यास्ट्रो-वुलिङ्ज ( @adb.org) |
| **जिम्मेवार एडिबी विभाग** | दक्षिण एसिया विभाग |
| **जिम्मेवार एडिबी महाशाखा** | सहरी विकास तथा खानेपानी महाशाखा, एसएआरडी |
| **कार्यान्वयन गर्ने निकाय** | – |

## लिङ्कहरू

| | |
|---|---|
| **आयोजना वेबसाइट** | http://www.adb.org/projects/47252-001/main |
| **आयोजना सम्बन्धी सामग्री** | http://www.adb.org/projects/47252-001/documents |